# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) हेटौंडा, नेपाल, वैशाख २३ गते २०८१ साल (अतिरिक्ताङ्क ०२

# भाग १

## बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

## हेटौंडा, नेपाल

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम बागमती प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट जारी भएको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**संवत् २०८१ सालको अध्यादेश नं. ०१**

**<u>प्रदेश उच्च शिक्षा ऐन, २०७८ लाई संशोधन गर्न बनेको अध्यादेश</u>**

**<u>प्रस्तावना</u>**: प्रदेश उच्च शिक्षा ऐन, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम बागमती प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट यो अध्यादेश जारी गरिएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस अध्यादेशको नाम "प्रदेश उच्च शिक्षा (पहिलो संशोधन) अध्यादेश, २०८१" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>प्रदेश उच्च शिक्षा ऐन, २०७८ (यस पछि "मूल ऐन" भनिएको) को दफा १३ को उपदफा (५) मा संशोधन</u>**: (१) मूल ऐनको दफा १३ को उपदफा (५) को सट्टा देहायबमोजिम दफा १३ को उपदफा (५) राखिएको छः

"(५) अध्यक्ष पूर्णकालीन पदाधिकारीका रूपमा कार्यरत रहने छ। पदेन सदस्यबाहेक संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) का अध्यक्ष र सदस्यहरूको कार्यकाल छ वर्षको हुनेछ।

तर यो ऐनअनुसार मनोनित भएका संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) का अध्यक्ष र पदेन सदस्य बाहेकका पदाधिकारीहरूको पहिलो पटक पदावधि कायम गर्दा गोलाप्रथाद्वारा पाँच जनाको पदावधि चार वर्ष र चार जनाको पदावधि छ वर्ष कायम गरिने छ। यस ऐनबमोजिम सदस्यहरुको पदावधिको गणना संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) को पहिलो बैठक बसेको मितिबाट सम्पूर्ण

सदस्यको पदावधि प्रारम्भ भएको मानिने छ। रिक्त हुन आउने सदस्यहरुको पदपूर्तिसम्बन्धी व्यवस्था विधानमा उल्लेख भएअनुसार हुनेछ।"

**आज्ञाले,**
**पूर्ण बहादुर दर्जी**
**प्रदेश सरकारको सचिव**

जारी भएको मितिः २०८१।०१।२३



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु. ५।-